नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

## बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-२७ गते बिहान ०७ बजे)**

**नदीहरुको हालको अवस्था (Present River Status)**

**आज बिहानको मापन अनुसार कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली नदीमा बहाव बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।**

**बाढी पूर्वानुमान (Flood Forecast)**

**पूर्वानुमान आज : श्रावण-२७ (मंगलबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने। आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तर सतर्कता तह आसपास नै हुने।
- आज कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने भएता पनि कन्काई, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती,बबईका केही स-साना सहायक नदीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, प्रदेश २ का सबै जिल्लाहरु, सिन्धुली, रामेछाप, दोलखा, काभ्रेपलान्चोक, काठमाडौँ उपत्यका,सिन्धुपाल्चोक, नूवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, नवलपरासी, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान,गुल्मी, दाङ, सुर्खेत, सल्यान, बाँके, बर्दिया, जाजरकोट, दैलेख, कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर भई बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहाब (Flash Flood) भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ।

**पूर्वानुमान भोलि: श्रावण-२८ (बुधबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- भोली कोशी र यसका सहायक नदीमा बहाव बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने।भोलि नारायणी, कर्णाली ,महाकाली र यसका स-साना सहायक नदीमा बहाब बढ्ने र सतर्कता तह भन्दा केही मात्र तल हुने पुर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने। भोलि कन्काई, बागमती, तिनाउ, पश्चिम राप्ती, बबईका केही सहायक नदीमा बहाब सतर्कता आसपास हुने पूर्वानुमान छ।
- भोलि प्रदेश १, २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा आकस्मिक बहाब (Flash Flood) भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ।

**पूर्वानुमान पर्सी : श्रावण-२९ (बिहीबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- पर्सी कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। पर्सी नारायणीका सहायक नदीमा बहाब बढ्ने र सतर्कता तह भन्दा केही मात्र तल हुने पुर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। पर्सी कन्काई, तिनाउ, पश्चिम राप्ती, बबईका केही सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी प्रदेश १, गण्डकी प्रदेश, प्रदेश ५, सुदूरपश्चिम प्रदेश को मध्यपहाडी, चुरे र तराई भई बहने स-साना सहायक नदीमा बहाव बढ्ने र सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आगामी ३ दिन देशैभरका प्रमुख र मझौला नदीमा बहाव बढ्ने,कोशी,नारायणी, कर्णाली,महाकाली,कन्काई,कमला,बागमती,तिनाउ, पश्चिम राप्ती, बबईका केही सहायक नदीमा बहाब सतर्कता आसपास हुन सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध छ।
- आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने र केहिमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्कता अपनाईराखौ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, प्रदेश २ का सबै जिल्लाहरु, सिन्धुली, रामेछाप, दोलखा, काभ्रेपलान्चोक, काठमाडौँ उपत्यका,सिन्धुपाल्चोक, नूवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, नवलपरासी, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान,गुल्मी, दाङ, सुर्खेत, सल्यान, बाँके, बर्दिया, जाजरकोट, दैलेख, कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर भई बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहाब (Flash Flood) भई सतर्कता पुग्न सक्ने पूर्वानुमान रहेकोले साना नदीतटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेज: *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मिति: २०७७-०४-२७, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
मनसुनी न्युन चापीय रेखा हाल पश्चिममा नेपाल नजिक दक्षिण तर्फ अवस्थित छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
हाल देशका अधिकांश भू-भागहरुमा समान्य देखि पूर्ण बदली रहेको छ भने सबै प्रदेशहरुका थोरै स्थानहरुमा हल्का वर्षा स्थानहरुमा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन २७ गते (मंगलबार)**
**दिउँसो :** देशका अधिकांश भू-भागमा सामान्य बदली रही केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश र सुदूर पश्चिम प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्य बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश , गण्डकी प्रदेश, र प्रदेश नं ५ थोरै स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**साउन २८ गते (बुधवार)**
**दिउँसो :** देशभर सामान्य बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं ५ , कर्णाली प्रदेश, गण्डकी प्रदेश, र सुदूर पश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।


**राती :** देशभर सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं ५ , गण्डकी प्रदेश, र सुदूर पश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**साउन २९ गते (बिहीबार)**
**दिउँसो :** देशभर सामान्य बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं ५ , कर्णाली प्रदेश, गण्डकी प्रदेश, र सुदूर पश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।बाग्मति प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ , र सुदूर पश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**
देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं ५ , कर्णाली प्रदेश, गण्डकी प्रदेश, र सुदूर पश्चिम प्रदेशका धेरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना देखिएकोले उक्त स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*




*२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)*

*12) Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*

*14) Etc...*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।